मधेस र गण्डकीबीच पर्यटन सहकार्य

विजय नेपाल/राजधानी
बर्दिबास

पर्यटन क्षेत्रको विकासमा गण्डकी र मधेस प्रदेशबीच सहकार्यको प्रतिबद्धता व्यक्त गरिएको छ । मिथिला संस्कृति र गण्डक संस्कृतिबीच आआफ्नै विशेषता रहेकाले दुवै प्रदेशबीच पर्यटन प्रवर्द्धनमा सरोकारवाला निकायका वक्ताले शनिबार बर्दिबासमा आयोजित कार्यक्रममा सो प्रतिबद्धता व्यक्त गरेका हुन्।

अन्तरप्रदेश पर्यटन प्रवर्द्धन तथा अन्तर्क्रियाबारे तीनदिने कार्यक्रम लिएर मधेस प्रदेश गएको टेवान पोखराको स्वागतार्थ होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले आयोजना गरेको दिगो पर्यटनका लागि समान सहभागिता विषयक अन्तर्क्रियामा मधेस प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री युवराज भट्टराई (समिर)ले निजी क्षेत्रसँग सहकार्य गरेर सरकार अघि बढ्ने बताए ।

नवनियुक्त मन्त्री भट्टराईले प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र मधेसमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार रहेको जानकारी दिँदै विधेयक दर्तासँगै पर्यटन बोर्ड गठन गर्ने बताए। मधेस प्रदेशका आठ जिल्लामध्ये प्रत्येक जिल्लामा कम्तीमा एक ठाउँलाई पर्यटकीय क्षेत्र विकास गर्ने योजना रहेको उनले बताए ।

उनले पोखरा आएको पर्यटक कसरी मधेस ल्याउने तथा मधेस घुम्न आउने पर्यटक पोखरा कसरी पठाउने भन्नेबारे प्याकेज घोषणा गर्नुपर्छ भने । गण्डकी-मधेसबीच हवाई सेवा सञ्चालन निरन्तरताका लागि छुटको व्यवस्था गरेर भए पनि चाँडै नै अघि बढाउनुपर्नेमा उनको भनाइ थियो। पर्यटक भित्र्याउन सरकारले के गर्नुपर्छ ? त्यस्तो नीति बनाउन तयार रहेको उल्लेख गर्दै उनले निजी क्षेत्रले साथ दिनुपर्ने बताए। जानकी मन्दिर र अयोध्या संस्कृति जोड्न चाँडै नै जनकपुर-अयोध्या रेल सञ्चालनको प्रोजेक्ट घोषणा हुने उनको सुनाए।

मधेसका गृह, सञ्चार तथा कानुनमन्त्री शारदादेवी थापाले तालैतालको सहर पोखराझैं मठमन्दिरको सहर जनकपुरलाई पनि चिनाउनुपर्ने उनको भनाइ थियो। श्रम तथा यातायातमन्त्री बेची लुङ्गेलीले पर्यटन क्षेत्र विकासको मेरुदण्ड हो भनिन्।

श्रमिकलाई संगठित गरेर रोजगारी दिने क्षेत्र पर्यटन भएको र आयआर्जनको दिशामा अघि बढ्नुपर्नेमा जोड दिइन् । टेवानको सक्रियताप्रति प्रशंसा गर्दै उनले कोही न कोहीले यस्तै खालको भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइन्।

टेवान अध्यक्ष कमला गिरीले पर्यटन विकासमा गण्डकी र मधेस प्रदेशबीच सहकार्य आवश्यक रहेको बताइन्। विगतमा पनि पोखरा-सिमरा तथा पोखरा-जनकपुर उडान भएकामा पुनः निरन्तरतामा जोड दिइन्। पर्यटनमैत्री नीतिनियम बनाउनुपर्ने भन्दै उनले आन्तरिक पर्यटन प्रवर्द्धन गरी यहाँको पैसा बाहिर जान रोक्नुपर्ने बताइन्।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेस प्रदेश संरक्षक विजय झुनझुनवालाले मधेसमा पनि पर्यटन बोर्ड स्थापनाको जोड दिए।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेस प्रदेश अध्यक्ष हिरालाल गौतमले मधेस प्रदेशका नाका खोल्नुपर्नेमा जोड दिए। बर्दिबासमा हतियार कारखानाको पुरातात्त्विक महत्त्व रहेको चर्चा गर्दै उनले पर्यटन क्षेत्रमा विनियोजित रकम खर्च गरे मात्रै धेरै काम हुन सक्ने विचार व्यक्त गरे। होटल संघ मधेस प्रदेश निकै सक्रिय रहेको उनको दाबी थियो।

नाह्टा मधेस प्रदेश अध्यक्ष एवं नेपाल होटल तथा पर्यटन व्यवसायी मधेसका निवर्तमान महासचिव मोहन शर्मा लामिछानेले मधेस र गण्डकी प्रदेशबीच विगतमा झैं सहकार्यको आवश्यक रहेको बताए। उनले गढिमाई भ्रमण वर्ष घोषणा गर्नुपर्ने बताए। होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरी अध्यक्ष गुञ्जबहादुर कार्की (गोपाल)को अध्यक्षतामा भएको कार्यक्रममा स्वागत होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरी सदस्य विनोद भण्डारी र सञ्चालन महासचिव नारायण घिमिरेले गरेका थिए। कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधि, टेवान पदाधिकारी एवं सदस्यलगायतको उपस्थिति थियो।

टेवान टोलीले विभिन्न आन्तरिक पर्यटन प्रवर्द्धनका लागि तीनदिने कार्यक्रमअन्तर्गत त्यस क्षेत्रका सरोकारवालासँग अन्तर्क्रिया गरेको छ । टोलीले शुक्रबार वीरगन्ज उद्योग वाणिज्य संघसँग अन्तर्क्रिया गरेको थियो। पोखराका पर्यटन व्यवसायी महिलाको सक्रियता २०७४ सालमा टेवान स्थापना भएको सचिव शोभा अधिकारी पौडेलले बताइन् । महोत्तरीको बर्दिबास सहर तीव्र विकास भएको सहर हो। शिक्षा तथा होटलको हब बर्दिबासमा होटल मात्रै डेढ सय वटा छन्।

मध्यवर्ती क्षेत्रका स्थानीयले होमस्टेबाट लिँदै छन् बहुआयामिक लाभ

भीष्मराज ओझा/रासस
माडी (चितवन)

चितवनको माडी नगरपालिका-८ स्थित अयोध्यापुरी मध्यवर्ती सामुदायिक होमस्टे (घरबास) कि सञ्चालक पम्फा श्रेष्ठ हाल आयआर्जनमा बृद्धि भएकामा निकै खुसी देखिन्छन् । होमस्टे सञ्चालनअघि चितवन राष्ट्रिय निकुञ्जबाट आउने वन्यजन्तुले बालीनाली क्षति गरेर वर्षभरि खानसमेत नपुग्ने अवस्थाको स्मरण गर्दै उनी भन्छिन्, 'अहिले होमस्टेबाट आम्दानी बढेको छ, खेतबारीका अन्न र साग तरकारीसमेत गाउँमै खपत भएका छन् ।'

स्थानीयले निकुञ्जबाट वन्यजन्तु बस्तीमा पस्ने स्थानका खेतमा माछापोखरी बनाएपछि वन्यजन्तु निकुञ्जबाहिर आउन पनि कम भएको छ। साथै पाहुनाका लागि माछापोखरीमा पालेका माछा खपत हुँदा आम्दानीमा थप वृद्धि भएको छ।

'पहिले वर्षायामभरि दुःख गरेर खेती गर्‍यो, हिउँद लागेपछि हात्ती, गैंडा, चित्तल, बँदेल, मजुरलगायत वन्यजन्तुले खाइदिन्थ्यो,' श्रेष्ठ भन्छिन्, 'अहिले होमस्टेबाट भएको आम्दानीले घरखर्च चलेको छ, वन्यजन्तुको आक्रमण नियन्त्रण भएको छ, गाउँमै बत्ती, सडक, ग्यास र यातायातको सुविधा पुगेको छ, घाँसदाउराका लागि जंगल जानुपर्दैन ।'

२०७२ सालमा १० घरधुरीबाट सुरु गरिएको यहाँ हाल १४ घरमा होमस्टे सञ्चालन गरिएका छन् । अयोध्यापुरी होमस्टे व्यवस्थापन समितिका अध्यक्ष मोहनबहादुर पुनमगरका अनुसार होमस्टेमा ८८ पाहुना राख्न सक्ने क्षमता छ। समितिले छिट्टै २५ घरधुरीमा होमस्टे पुर्‍याउने लक्ष्य रहेको जनाएको छ। निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेको बस्तीमा वन्यजन्तुबाट पीडित भएपछि होमस्टे बनाउनुपरेको अध्यक्ष पुनमगरको भनाइ छ । पर्यापर्यटनको अवधारणाअनुसार वन्यजन्तुलाई नै देखाएर आयआर्जन गर्न होमस्टे सुरु गरिएको हो।

'यस मध्यवर्ती क्षेत्रमा काम गर्दै आएको तराई भूपरिधि कार्यक्रम (ताल)ले यो अवधारणा ल्यायो । अमलटारीको थारू होमस्टेबाट उत्साही भएर हामीले पनि सुरु गर्‍यौं,' उनी भन्छिन्, 'सुरुमा आफ्नै लगानीमा गर्‍यौं, पछि 'ताल' र अन्य संस्थाले घरको रङरोगन, तातोपानीको व्यवस्था, सिलिङमा जिप्सन, डबल बेड, शौचालयमा कम्बोड, टायललगायत सामग्री सहयोग गरिदिनुभयो।'

कुनैबेला जीविकोपार्जनका लागि आफैं पनि विदेश जाने गरेको सुनाउँदै उनी हाल गाउँमै बसेर घरखर्च चलाउन सहज भएको बताउँछिन्। होमस्टेमा स्वदेशी तथा विदेशी पाहुना मध्यवर्ती सामुदायिक वन क्षेत्रमा जंगली जनावर अध्ययन अवलोकन गर्न, स्थानीय मगर संस्कृति र धार्मिकस्थल हेर्न, सामुदायिक पोखरी, साइकिलिङ, पर्यटकस्थलको भ्रमण गर्न यहाँ आउने गरेका छन्।

समितिले आम्दानीको १० प्रतिशत रकम जैविक विविधता संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धनमा छुट्याउने गरेको छ। चितवन राष्ट्रिय निकुञ्ज चितवन, पर्सा, मकवानपुर र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा फैलिएको छ । यस निकुञ्जको क्षेत्रफल ९५२.६३ वर्ग किमी रहेको छ भने मध्यवर्ती क्षेत्रको क्षेत्रफल ७२९.३७ वर्ग किमी छ।

निकुञ्जकै मध्यवर्ती क्षेत्रमा पर्ने नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को अमलटारी मध्यवर्ती सामुदायिक होमस्टेका अध्यक्ष प्रेमशंकर मर्दनिया थारू होमस्टे सञ्चालनपछि स्थानीय जनता र संघसंस्थाको पहलमा वनको संरक्षण र वन्यजन्तुको बासस्थान राम्रो भएको बताउँछन्।

होमस्टे सञ्चालनले जीवनशैलीमा सकारात्मक परिवर्तन

'संरक्षणका लागि स्थानीय नै लाग्नुपर्ने अभियान चलाएपछि थोरै रकमबाट व्यवसाय गरेर तिनै वन्यजन्तु देखाएर आयआर्जन गर्नुपर्छ भन्ने उद्देश्यले नै होमस्टे सुरु गरेका हौं,' उनी भन्छन्, 'अहिले स्थानीयमा वन, वन्यजन्तु र प्राकृतिक स्रोत हाम्रै सम्पत्ति हो भन्ने अपनत्व बढेको छ। घरआँगन सरसफाइ, बोलीचाली, व्यवहार, बसाइ तथा जीवनशैली, जिउने कला सबैमा सकारात्मक परिवर्तन भएको छ।'

पहिले वन्यजन्तुले गर्ने क्षतिका कारण स्थानीय बसाइँसराइ गरेर गाउँ नै खाली हुने अवस्था रहेको उल्लेख गर्दै अध्यक्ष थारू अहिले सबै आफ्नो थातथलोमा खुसीका साथ बसेका बताउँछन् । अहिले वन्यजन्तु आउने स्थानमा तारजाली र पर्सिसी पर्खाल लगाएका कारण मानव-वन्यजन्तु द्वन्द्वसमेत न्यूनीकरण भएको छ। यस होमस्टेमा थारू र बोटे समुदायको संस्कृति अवलोकन, स्थानीय परिकार, खानपिन, सूर्यास्तको दृश्य, थारू संग्रहालय, वन्यजन्तु अवलोकलन, हात्ती सफारी, नारायणी नदी डुंगामा बोटिङ, गिद्ध रेस्टुराँ अवलोकन आदि पर्यटकका आकर्षक गन्तव्य हुन्।

५ जेठ २०७० मा विश्व वन्यजन्तु कोष (डब्लूडब्लूएफ) नेपालको २०औं वार्षिकोत्सव कार्यक्रममा उद्घाटन गरेर अमलटारीको होमस्टे सुरु गरिएको हो। होमस्टे महासंघका केन्द्रीय अध्यक्षसमेत रहेका थारूका अनुसार यहाँ हाल ३१ घरधुरीमा १ सय २४ बढी पाहुना राख्ने क्षमता छ । पहिला वन्यजन्तु देखेपछि लखेट्ने यहाँका स्थानीय अहिले संरक्षण गर्न अग्रसर भएका छन्।

अमलटारी मध्यवर्ती सामुदायिक होमस्टेकै अर्की सञ्चालक धनमाया महतो होमस्टे सञ्चलनपछि आर्थिक अवस्थामा धेरै सुधार आएको बताउँछिन्। 'पहिला परिवार पाल्न अधिकांश पुरुष कि विदेश जान्थे, नसक्ने भारत जानुपर्ने अवस्था थियो।

घाँसदाउरा र काठको बढ्दो प्रयोगले वन विनाश भएको थियो,' उनी भन्छिन्, 'अहिले होमस्टेको आम्दानीबाट घरखर्च चलेको छ, पहिला वन धेरै भयो भने जंगली जनावर बढेर मानव बस्तीमा क्षति गर्छ भन्ने मानसिकतामा परिवर्तन भएको छ । हाल वन्यजन्तु बढ्यो भने अवलोकन गर्न पाहुना आउँछन् र आयआर्जनमा थप टेवा पुग्छ भन्ने सोचको विकास भएको छ।'

महिला समूहमार्फत शिक्षा र चेतनाको स्तर बढेको र सहकारी खोलेर आर्थिक व्यवस्थापन गर्न सिकेको महतो बताउँछिन् । कुनैबेला दुर्गम अवस्थामा रहेको आफ्नो गाउँ हाल सडक, यातायात, बिजुलीलगायत अन्य सुविधायुक्त भएको उनको भनाइ छ। डब्लूडब्लूएफ नेपालले पर्यापर्यटनबाट आम्दानी गर्न सकिन्छ भन्ने सचेतना, तालिम र केही सामग्री सहयोग गरेपछि आफूहरूले होमस्टे सञ्चालन गरेको महतो बताउँछिन्।

पृष्ठ १ बाट क्रमशः

सुर्तीजन्य...

यसै कारणले पनि विश्व स्वास्थ्य संगठनले सुर्तीजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्न कम्तीमा ७५ प्रतिशत कर लगाउनुपर्छ भन्दै आएको छ । र, हाल यो दर ९० प्रतिशतसम्म पुर्‍याउनुपर्ने विषयमा पनि राष्ट्र संघका सदस्य राष्ट्रले बहस चलाउन थालेका छन् ।

ग्लोबल टोबाको इन्डेक्स २०२१ अनुसार नेपालमा सुर्तीजन्य वस्तुको उत्पादकले कर नबढाउने राजनीतिक तह, नीतिगत तह र कर्मचारीतन्त्रमामा प्रभाव पार्ने गरेको पाइएको छ। कर्पोरेट सामाजिक उत्तरदायित्वमा खर्च गर्न नपाइने, कुनै कार्यक्रम स्पोन्सर गर्न नपाइने भए पनि उनीहरूले यस्तो गर्ने गरेको र सरकारले पनि सुर्ती उत्पादक कम्पनीका मालिकलाई सम्मान गर्दै आएको छ।

नेपालकै कानुनअनुसार पनि यो गैरकानुनी भए पनि सरकार र सुर्तीजन्य पदार्थ उत्पादकको अवैध साँठगाँठका कारण यी अनुचित गतिविधि भइरहेका छन् । जसको परिणाम स्वरूप दक्षिण एसियामा नै नेपालमा सुर्तीजन्य वस्तुको करको दर सबैभन्दा कम रहेको छ भने अर्कोतिर सुर्तीजन्य पदार्थ उत्पादकको नाफा दर भने निरन्तर बढिरहेको छ।

आन्तरिक राजस्व विभागका अनुसार चुरोट र बिँडीलगायत सुर्तीजन्य वस्तुबाट राजस्वभन्दा यस्ता वस्तुको उपभोगबाट हुने रोगको उपचारमा हुने राज्यको खर्च १४ अर्ब रुपैयाँ बढी छ।

स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जाल नेपालका संयोजक शान्तलाल मुल्मीका अनुसार सुर्तीजन्य वस्तुको सेवनका कारण हुने क्यान्सर रोगीलाई उपचारमा राहत दिनुपर्दा सरकारको व्ययभार बढेको छ । बिरामीलाई मासिक ५ हजार रुपैयाँ भत्ता दिनुपर्ने प्रावधान रहेको छ। धूमपानका कारण बर्सेनि ५० अर्ब रुपैयाँ मुलुकको आर्थिक क्षति भइरहेको छ । यदि सुर्तीजन्य वस्तुमा अत्यधिक कर बढाइदिने हो भने सुर्तीजन्य पदार्थ खरिद गर्ने सर्वसाधारणको क्षमता कम हुने, उपभोग घट्ने र सरकारको राजस्व पनि बढ्ने हुन्छ । उपचार खर्च बचतले जनता र राज्य दुवैलाई फाइदा हुन्छ। स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण राष्ट्रिय सञ्जालले गरेको अध्ययनअनुसार करको दर ६५ प्रतिशतले बढ्दा सुर्तीजन्य पदार्थको मूल्य १८ प्रतिशतले बढ्ने, खपत १२ प्रतिशतसम्म घट्ने र १७ अर्ब रुपैयाँसम्म थप राजस्व उठ्ने देखाएको छ।

बढी सुर्तीजन्य पदार्थ प्रयोग गर्ने चीन, थाइल्यान्ड, फिलिपिन्स ब्राजिल, फ्रान्स आदिमा शतप्रतिशत राजस्व बढाउँदा ५० प्रतिशतसम्म उपभोक्ता घट्न गएको देखिएको छ।

सुर्तीजन्य वस्तुको कर वृद्धिले स्वास्थ्यमा सुधार हुनका साथै सरकारले वर्तमान आर्थिक संकटमा राज्यलाई समेत सहयोग पुग्ने भएकाले सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माण गर्दै गरेको वर्तमान अवस्थामा सुर्तीजन्य पदार्थमा कम्तीमा ६० प्रतिशत कर लगाउनुपर्ने मागसहित स्वास्थ्य अधिकार तथा सुर्तीनियन्त्रण राष्ट्रिय सञ्जालले अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाउने तयारी गरिरहेको सञ्जालका संयोजक शान्तलाल मुल्मीले जानकारी दिए।

संकटमा...

उनले बझाङको प्रदेशसभा सदस्यका लागि हुन लागेको चुनावी प्रक्रियालाई लिएर नेकपा एमालेले 'बार्गेनिङ' गरिरहेको आरोप लगाए।

नेकपा (एमाले) संसदीय दलले मुख्यमन्त्रीमा सोडारीलाई समर्थन गरे पनि तत्काल सरकारमा सहभागी नहुने निर्णय गरेको छ । यो निर्णयसँगै प्रदेश सरकारका विषयमा थप अन्योलता देखिएको छ । मन्त्रिपरिषद् विस्तार कहिले हुन्छ भन्नेमा अझै केही भन्न सकिने अवस्था नरहेको सत्तापक्षीय दलकै प्रदेशसभा सदस्यको भनाइ छ।

मन्त्रिपरिषद् विस्तारमा भइरहेको ढिलाइले प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति कार्यक्रमलगायतका विषयमा गर्नुपर्ने तयारी प्रभावित हुने देखिएको छ। मन्त्रालय मन्त्रीविहीन हुँदा सरकारका नीतिगतलगायतका काम कारबाही पनि प्रभावित हुने देखिएको कर्मचारीको भनाइ छ।

यसअघि मुख्यमन्त्रीमा दाबी पेस गरेका नाउपाका लक्ष्मणकिशोर चौधरीले मुख्यमन्त्रीमा नियुक्त दीर्घबहादुर सोडारीको दाबी नपुगेको जनाउँदै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। सो रिटमाथिको सुनुवाइ गर्दै सर्वोच्चले कारणदेखाउ आदेश जारी गरिसकेको छ।

नाउपाले सरकारलाई दिएको समर्थन फिर्ता लिने

नागरिक उन्मुक्ति पार्टी (नाउपा)को शनिबार पूर्ण बैठक बसेको छ । सो बैठकले सुदूरपश्चिम र लुम्बिनी प्रदेशमा सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको छ। साथै बैठकले सुदूरपश्चिममा मुख्यमन्त्री दाबी गर्ने निर्णयसमेत गरेको छ।

नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीले शनिबारको बैठकले लुम्बिनी र सुदूरपश्चिम प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय भएको बताए।

उनले कारबाही गरिएकाको कारबाही फुकुवा गर्ने, सुदूरपश्चिममा मुख्यमन्त्री दाबी गर्ने, पार्टीलाई एक ढिक्का बनाएर अघि बढ्नेलगायतका मुद्दाको सवालमा पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठसँग एकमत हुने निर्णय बैठकमा भएको बताए। विवादमा अल्झिएको नागरिक उन्मुक्ति पार्टीका संरक्षक चौधरीले पार्टी अध्यक्ष श्रेष्ठलाई पार्टी र सरकार चलाउन आग्रह गरेको जनाएका छन् । सामाजिक सञ्जालमार्फत उनले यस्तो जनाएका हुन् । उनले पार्टीका महासचिव ठाकुरसिंह थारूलाई साक्षी राखेर पार्टी र सरकार चलाउन आग्रह गरेको बताए।

यस्तै, रेशमलालले श्रेष्ठसहितको भेटघाटबारे जानकारी दिँदै आफूहरूले सुदूरपश्चिम र लुम्बिनी प्रदेशमा सरकारलाई दिएको समर्थन फिर्ता लिने दाबी गरेका छन्।

Khandachakra Municipality
Office of the Municipal Executive
Manma, Kalikot

Invitation for Catalogue Shopping of Agriculture Ambulance

Publication Date: 2081/01/16

Khandachakra Municipality intends to procure the vehicles as per the specification attached, under the Catalogue Shopping procedure as described in Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064. All eligible manufacturers and authorized dealers are invited to submit sealed proposal with their catalogue containing technical data, specifications, price and services within 8 (Eight) days of publication date during office hour. The manufacturers or authorized dealers must submit copy of Firm Registration Certificate, Copy of Business Registration Certificate, Copy of VAT and PAN Registration Certificate, Copy of Tax Clearance Certificate / Tax Return Certificate for the FY 2080/081, Self-Declaration Letter, and Manufacturer's Letter of Authorization along with the application.

Acting Chief Administrative Officer

Bandipur Rural Municipality
Office of Rural Municipal Executive
Bandipur, Tahanun

Invitation For Online Sealed Quotation

Notice No : 06/BRM/2080-081
Second Date of Publication: 28-04-2024 (2081-01-16)

1. Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur invites sealed Quotation from eligible bidders for the following works.

S.N	IFB No:	Description of Works	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Estimated Amount (Without VAT & Contingencies) NRs	Bid Security Validity Period (Days from the date of Bid Opening)	Remarks
1.	BRM/SQ/WORKS/09-Re/2080/081	Construction of Rigid Pavement at Seratar-Ramkot Road Section	1000.00	40,000.00	1,553,852.00	75 Days	

2. Date of Pre-bid meeting, Submission & Opening of Bids.

Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account Details for Purchasing Bid Document.	Employers Bank Account Details to Deposit Cash for Bid Security
Date : 13-05-2024 (2081-01-31) Time: 12:00	Date: 13-05-2024 (2081-01-31) Time: 13:00 Venue: Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur	NIC Asia Bank Ltd, Dumre Office Name: Bandipur Rural Municipality Office Code No: 8010143810 Revenue Account No:1464150026912002 Account Name: Sthaniya Taha Rajaswo Khata-Bandipur Gaa.Paa Revenue Code No:14229 Revenue Head: Tender Form	NIC Asia Bank Ltd, Dumre Account Name:Sthaniya Taha Dharauti Khata-Bandipur Gaa.Paa Deposit Account No: 1462050026912010

3. Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp, for further details or contact Bandipur Rural Municipality, Office of Rural Municipal executive, Bandipur.
4. A Complete Set of Bidding Document can be downloaded from the PPMO's website www.bolpatra.gov.np/egp , and bidders shall submit their bid electronically only.
5. If the last date of bid opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Matters not covered by this notice shall be in according with Public Procurement Act,2063 and Public Protection Regulation 2064 and other prevailing Rules and Regulations.

Chief Administrative Officer